# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्या.:०७९।८०
चलानी नं.:

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७९।०५।१५**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रोजगार प्रवर्धन कार्यक्रमका लागि सुरक्षित आप्रवासन ( सामी) कार्यकम यस गाउँपालिकामा संचालन भईरहेको हुँदा **सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ को परिच्छेद-५ को दफा (२६)** मा भएको व्यवस्था अनुरूप तपसिल अनुसारको रिक्त पद खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुंनका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी दरखास्त प्राप्त हुन आएमा सो दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | माग पद संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|
| १९/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १(एक जना महिला) | **सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>▪ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ:<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकोलाई विशेष प्राथमिकता दिईनेछ। |
| २०/०७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | १(एक) जना | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २१/०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ३(तीन) जना | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा SLC/SEE वा सो सरह उतीर्ण गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**१. उमेर हद:** दरखास्त दिने अन्तिम मितिमा पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

२०७९।५।१५

**प्रमेश्वर यादव**
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**२. आवेदन दस्तुर:** विज्ञापन नं. १९/०७९/०८० तथा २०/०७९/०८०को हकमा रु ७००/- (सात सय मात्र) र २१/०७९/०८० को हकमा रू ५००/- (पाँच सय मात्र)

**३. दरखास्त दिने स्थान:** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पकडी,कपिलवस्तु ।

**४. दरखास्त दिने अन्तिम मिति:** २०७९।०५।२१ गते, यदि उक्त दिन सार्वजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय समय भित्र ।

**५. छनौटको किसिम:** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता ।

**६. आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता,
- कम्तीमा न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र,
- चारित्रिक प्रमाण पत्र,
- अनुभव सम्बन्धी आवश्यक कागजात,
- २ प्रति पासपोर्ट आकारको फोटो,
- रिटर्नी स्वयंसेवकको हकमा वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गएको विवरण खुल्ने कागजात,
- नेपाल बाहिरा अध्यन्न गरेको खण्डमा समकक्षता प्रमाण-पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

**७. तलव तथा अन्य सुविधा :** कार्यक्रममा तोकिए बमोजिम हुनेछ ।

**पुनश्च:** नेपाल सरकारको प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने,

**नोट:** आवेदनको ढाँचा यस गाउँपालिकाको वेवसाईट www.mayadevimunkapilvastu.gov.np मा गई डाउनलोड गर्न सकिन्छ ।

२०७९।०५।१५

प्रमेश्वर यादव

**प्रमेश्वर यादव**

प्रमुख प्रशासकीय अधिकृत